AjakoAwaj.Com आजकोआवाज.कम
USNepalOnline.Com
USANepalOnline.Com

News from your web home at the capital of the world-New York City
विश्वको राजधानी शहर न्युयोर्कबाट नेपाली खबरहरु

# माओवादीको २२ सुत्रिय माग र सात दलको २३ बुँदे सम्झौता पत्रमा के छ?

## Maoists' 22 Points Demands and 7 Parties' 23 Points Agreements

| Maoists' 22 Points Demands<br>भदौ ३, २०६४ (August 20, 2007) | 7 Parties' 23 Points Agreements<br>पौष ८, २०६४ (December 23, 2007) | Remarks |
|---|---|---|
| **ने.क.पा. (माओवादी) को अपील**<br>**संविधानसभाको निर्वाचन सुनिश्चित गर्न तत्काल गणतन्त्रको घोषणा गरौं !**<br>**समानुपातिक प्रतिनिधित्वको लागि वृहद् गोलमेच सम्मेलनको आयोजना गरौं !**<br><br>आदरणीय जनसमुदायहरू,<br>मुक्तिकामी नेपाली जनताले झण्डै ६० वर्ष देखि सामन्ती राजतन्त्रको अन्त्य र संविधानसभाको निर्वाचनको नारा उठाउँदै आएका छन् । पछिल्लो पटक ने.क.पा.(माओवादी) को नेतृत्वमा संचालित महान् जनयुद्ध र संयुक्त जनआन्दोलनको क्रममा दशौं हजार शहीदहरूले जीवन वलिदान गरेर यो नारालाई राष्ट्रिय राजनीतिक एजेण्डाको रुपमा स्थापित गरेका हुन् । विगतमा सामन्ती दरवारिया तत्वहरूले पटक पटक षड्यन्त्र गरेर संविधानसभा निर्वाचन हुन नदिएको कटु अनुभवका आधारमा ने.क.पा.(माओवादी) ले पहिले गणतन्त्रको घोषणा गरेर मात्र संविधानसभा निर्वाचन गराउनुपर्ने अडान गत शान्तिवार्ताको क्रममा अन्तिम घडीसम्म पनि राखेको हो । परन्तु २०६४ जेठ मसान्तसम्ममा संविधानसभा निर्वाचन् गराइछाड्ने भन्ने संसदवादी पार्टीहरूका प्रतिवद्धताका कारण ने.क.पा.(माओवादी)ले आफ्नो गंभीर आशंकाका वावजुद राजतन्त्रलाई निलम्वनको अवस्थामा राखेर संविधानसभामा जाने सहमति गरेको थियो । तर अफसोच, इतिहास फेरि दोहोरियो । राजतन्त्र र उसका विदेशी पृष्ठपोषकहरूको गुरूयोजना वमोजिम मधेश लगायत देशका विभिन्न भागमा हत्या, आतंक र अराजकताका वितण्डा मच्चाएर जेठमा संविधानसभा चुनाव हुन नदिने वातावरण बनाइयो । त्यसैले ने.क.पा.(माओवादी)ले पुनः एकपटक राजतन्त्रको अन्त्य र गणतन्त्रको घोषणा गरेर मात्र चुनावको मिति सार्नु पर्ने अडान राख्यो र आगामी | प्रधानमन्त्री निवास बालुवाटारमा आज मिति २०६४ साल पौष ८ गते आइतबार सात राजनीतिक दलका शीर्ष नेताहरूको बैठक बस्यो । दलहरूका बीचको लामो छलफलमा विभिन्न विषयहरूमा दलहरूका आ-आफ्ना मत रहेका भए पनि संविधानसभाको निर्वाचन २०६४ साल चैत्रभित्र सम्पन्न गर्ने राष्ट्रिय संकल्पलाई केन्द्रविन्दूमा राखेर सात दलका शीर्ष नेताहरूबीच सहमति भई निम्नि लिखत निर्णय गरेका छौं । | Remarks |

| | | |
|---|---|---|
| मंसीर ६ गतेकालागि चुनाव सार्ने विषयमा 'नोट अफ डिसेन्ट' समेत लेख्यो । ने.क.पा.(माओवादी) कै जोडबलमा अन्तरिम व्यवस्थापिकाको दुइतिहाइ वहुमतले राजतन्त्रको अन्त्य गर्न सक्ने गरी संविधानको दोश्रो संशोधन पनि भयो । परन्तु त्यसपछिका घटनाक्रमहरूले पुष्टी गरिरहेका छन् कि जेठ पहिलेको अराजकता र हत्या-आतंकको स्थिति अहिले पनि मधेशमा र अन्यत्र कायमै छ । त्यसको पछाडि राजतन्त्र र प्रतिगामी तत्वहरू पहिले झैं क्रियाशील छँदैछन् । संविधानसभा निर्वाचन् भाँड्न दिनहुँ सशस्त्र गुटहरू च्याउ झैं उम्रिरहेकै छन् । यो स्थितिमा राजतन्त्र कायमै राखेर देशमा संविधानसभा निर्वाचन हुन्छ भन्नु जस्तो महाझुठ, पाखण्ड र वेइमानी अर्को केही हुनै सक्दैन । संविधानसभा निर्वाचनको निम्ति यतिवेला प्रमुख वाधकतत्व भनेकै राजतन्त्र हो । त्यसैले राजतन्त्रको समूल अन्त्य गरेर अन्तरिम व्यवस्थापिकावाटै गणतन्त्रको घोषणा गरेर मात्रै देशमा संविधानसभा निर्वाचनको पूर्वाधार निर्माण गर्न सकिन्छ र त्यसकानिम्ति सरकार, सदन र सडकका सवै मोर्चाबाट संघर्ष गर्नु आजको अपरिहार्य आवश्यकता हो ।<br>देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूको संविधानसभा विरोधी षड्यन्त्रका अतिरिक्त वस्तुगत रुपमा संविधानसभा निर्वाचन निम्ति उपयुक्त वातावरण बन्न नसक्नुको अर्को महत्वपूर्ण कारण विभिन्न उत्पीडित जाति-जनजाति, मधेसी, महिला, दलित आदि समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता हुन नसक्नु हो । ने.क.पा.(माओवादी)ले शान्तिवार्ताको क्रममा अन्तिम घडीसम्म राज्यको संघात्मक ढाँचामा पुनर्संरचना र समानुपातिक निर्वाचन प्रणालीको निम्ति संघर्ष गरे पनि विशेषत: नेपाली कांग्रेसको ढिपीका कारणले र समग्र शान्तिप्रक्रिया नै भाँडिने चिन्ताले त्यसवारे केही लचिलो वनेर सम्झौता गर्न वाध्य भएकै हो । परन्तु त्यसपछिका र विशेषत: मधेसका घटनाक्रमहरूले पुष्टी गरिसकेका छन् कि सवै उत्पीडित वर्ग, जाति, क्षेत्र, लिंग र समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता नगरी अव संविधानसभा निर्वाचन सम्भव छैन र गराउनु उचित पनि हुँदैन । किनकि संविधानसभा निर्वाचन भनेको कुनै नियमित संसदीय चुनाव नभएर लामो समयसम्मको निम्ति देशको मूल कानून मानिने संविधानको निर्माण गर्ने निकाय हो र त्यसमा समाजका विविध पक्षहरूको समानुपातिक प्रतिनिधित्व हुन सकेन भने त्यसबाट झन् गम्भीर प्रकृतिको द्वन्द निम्तिने खतरा रहन्छ । यो स्थितिमा देशमा आन्दोलनरत मधेसी, जाति-जनजाति, दलित, महिला आदि सवैका | | |

| | | |
|---|---|---|
| प्रतिनिधि, नागरिक समाज र राजनीतिक दलहरूको वृहद् गोलमेच सम्मेलन गरेर साझा सहमति निर्माण गर्नु संविधानसभा निर्वाचनको सुनिश्चितताको निम्ति अर्को महत्वपूर्ण पूर्वाधार हो । त्यसो नगरी दिनदिनै च्याउ झैं उम्रिने संगठनहरूसंग छुट्टाछुट्टै पहल गरेर समय र शक्ति वर्वाद् गर्नु सारतत्वमा संविधानसभा निर्वाचनलाई धरापमा पार्नु नै हो ।<br>देशमा संविधानसभा निर्वाचनको उचित वातावरण तयार नहुनुको अर्को महत्वपूर्ण कारण वृहद् शान्ति सम्झौताका सवै प्रावधानहरूलाई दृढता र तदारूकताका साथ कार्यान्वयन नगरिनु र दश वर्षको महान् जनयुद्ध र ऐतिहासिक जनआन्दोलन पश्चात् पनि आम जनसमुदायको जीवनमा परिवर्तनको अनुभूति हुने गरी कुनै काम हुन नसक्नु हो । खाशगरी जनयुद्ध र जनआन्दोलनको क्रममा शहादत प्राप्त गर्नेहरूका परिवारलाई अहिलेसम्म कुनै राहत उपलव्ध नगराउनु, घाइतेहरूको उपचारको व्यवस्ता नगरिनु, वेपत्ता पारिएकाहरूको खोजवीन नगरिनु, जनमुक्ति सेनाको उचित व्यवस्थापन नगरिनु, अन्तरिम संविधानमा व्यवस्था भए वमोजिम शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य सम्प्रभुतालाई सवैको मौलिक अधिकारको रुपमा कार्यान्वयन गर्न कुनै पहल नगरिनु, अन्तरिम सरकार सहमतीय प्रणाली अनुसार चल्नुपर्नेमा विगतकै एकदलीय वा वहुमतीय प्रणाली अनुसार संचालन गरिनु आदि कारणले देशमा संविधानसभाप्रति जनसमुदायको आकर्षण सट्टा विकर्षण वढ्ने स्थिति वन्दै गैरहेको छ । त्यसमाथि संक्रमणकालको अनुचित फायदा उठाएर विभिन्न विदेशी प्रतिक्रियावादी शक्तिहरूले आफ्नो अवाञ्छित गतिविधि र हस्तक्षेप वढाउँदै लगेकाले देशको राष्ट्रिय स्वाधीनता र स्वाभिमानमाथि नै गम्भीर खतरा उत्पन्न भैरहेको छ ।<br>समग्रमा आज देश गम्भीर संकटको मोडमा उभिएको छ । अहिले चौतर्फी रुपमा विद्यमान गतिरोध, अन्योल, आशंका, अराजकताको स्थितिलाई अग्रगामी ढंगले नर्चिर्ने हो भने ऐतिहासिक नियम अनुसार देश पुनः प्रतिगमनतिर फर्कने वा भयानक द्वन्दमा फस्ने खतरा प्रवल छ । अव देश पुनः द्वन्दतिर फर्कने हो भने त्यो धेरै घातक, विनाशकारी र राष्ट्रिय अस्तित्वमाथि नै खतरा उत्पन्न गर्ने खालको हुन सक्छ । त्यसैले शान्ति, लोकतन्त्र र अग्रगमनका पक्षपाती सवै सच्चा देशभक्त, लोकतान्त्रिक गणतन्त्रवादी र वामपन्थी शक्तिहरूले तत्काल संविधानसभा निर्वाचन सुनिश्चित गर्न र देशमा शान्तिलाई चीरस्थायी वनाउन केही न्यूनतम आवश्यक पूर्वाधार निर्माणको निम्ति संघर्ष गर्नु अत्यन्त जरूरी भएको छ । | | |

| | | |
|---|---|---|
| **संविधानसभा निर्वाचनको सुनिश्चितता का लागि आवश्यक पूर्वाधारहरू**<br><br>१. राजतन्त्र र राजावादी तत्वहरूले देशका विभिन्न भागमा विध्वंस, अशान्ति मच्चाएर संविधानसभा निर्वाचन हुन नदिने षड्यन्त्रमूलक कार्य गरिरहेकाले तत्कालै अन्तरिम व्यवस्थापिकाबाट राजतन्त्रको अन्त्य गरेर गणतन्त्र स्थापनाको घोषणा गरिनुपर्छ । त्यसभन्दा पहिले नेपाली कांग्रेस लगायत अहिलेसम्म गणतन्त्रवारे औपचारिक निर्णय गरिनसकेका सात दलभित्रका दलहरूले राजतन्त्रवारे आफ्नो स्थिति तुरून्त सार्वजनिक गर्नुपर्दछ । | १. संविधानको धारा १५९ को उपशीर्षक र उपधारा (१), (२), (३), (३क), (३ख) को सट्टा देहाय बमोजिमको संशोधन मिलाउने–<br>क) नेपाल एक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुनेछ ।<br>ख) गणतन्त्रको कार्यान्वयन संविधानसभाको पहिलो बैठकबाट गरिनेछ ।<br>तर राजाले संविधानसभाको निर्वाचन हुन नदिन गम्भीर व्यवस्था खडा गरेमा संविधानसभाको निर्वाचन अगावै पनि व्यवस्थापिका-संसदको तत्काल कायम रहेक कम्तीमा दुई तिहाई सदस्यहरूको बहुमतले प्रस्ताव पारित गरी गणतन्त्र कार्यान्वयन गर्न सक्नेछ ।<br>यस्तो प्रस्ताव पेश गर्ने निर्णय मन्त्रीपरिषदले गर्नेछ र मन्त्रीपरिषदले सो प्रस्ताव व्यवस्थापिका-संसद समक्ष पेश गर्नेछ ।<br>ग) मुलुकको शासन व्यवस्था सम्बन्धी कुनै पनि अधिकार राजामा रहने छैन ।<br>घ) मुलुकको शासन व्यवस्था सम्बन्धी सबै काम प्रधानमन्त्रीले गर्नेछ ।<br>ङ) गणतन्त्र कार्यान्वयन नहुन्जेल सम्मको लागि राष्ट्र प्रमुखले गर्ने काम प्रधानमन्त्रीले गर्नेछ । | |
| २. वृहद् शान्ति-सम्झौतामा उल्लेख भए वमोजिम स्व.राजा वीरेन्द्र र उनको परिवारको सम्पत्ति तथा राजाको हैसियतले राजा ज्ञानेन्द्रले प्राप्त गरेको सम्पूर्ण सम्पत्ति राष्ट्रियकरण गर्ने कार्यकारी कदम तुरून्त चाल्नु पर्दछ र त्यसको तदारूकताका साथ कार्यान्वयन गर्नुपर्दछ । | २. वर्तमान अवस्थामा कायम रहेको पहिलो हुने निर्वाचित हुने २४० निर्वाचन क्षेत्रलाई कायम राख्ने र समानुपातिक निर्वाचन प्रणालीको आधारमा निर्वाचित हुने २४० सदस्य सख्याको ठाउँमा ३३५ सदस्य संख्या कायम गर्ने र सहमतिको आधारमा मन्त्रीपरिषदले मनोनयन गर्ने सत्र जनाको सट्टा छब्बीस जना कायम गर्ने गरी संविधानको सम्बन्धित धाराहरूमा संशोधन गरी मिलाउने । मनोनित हुने २६ जनामा निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाट समेत समावेश गर्ने गरी संशोधन गर्ने । | |
| ३. अहिलेसम्म नारायणहिटी दरवारभित्र रहेको नेपाली सेना पूर्ण रुपले र तुरून्तै त्यहाँवाट हटाउनु पर्दछ र ज्ञानेन्द्र र उनको परिवारलाई सामान्य प्रकृतिको छुट्टै सुरक्षा व्यवस्था गरिनुपर्दछ । | ३. व्यवस्थापिका संसदको महासचिवको नियुक्ति सम्बन्धी आवश्यक प्रावधान संविधानमा राख्ने । | |
| ४. रायमाझी आयोगको प्रतिवेदनले दोषी ठहऱ्याएकाहरू सवैलाई आवश्यकता अनुसार पश्चदर्शी कानून वनाएर भए पनि तुरून्तै कडाइपूर्वक कार्वाही गरिनुपर्दछ । | ४. नेपाली कांग्रेस र नेपाली कांग्रेस (प्रजातान्त्रिक) को एकीकरण भई अबदेखि नेपाली कांग्रेस भएको अनुसार संविधानमा आवश्यक संशोधन गरी मिलाउने । | |
| ५. अन्तरिम संविधान वमोजिम सुरक्षा परिषद् तुरून्त गठन गरेर नेपाली सेनाको लोकतान्त्रीकरण गरिनुपर्दछ । नेपाली सेना र जनमुक्ति सेना वीचको समायोजनको कार्यलाई 'विशेष समिति' मार्फत् तीव्रता दिनुपर्दछ । | ५. निधन भएका, राजिनामा दिएका, निष्काशित गरिएका व्यवस्थापिका-संसदका सदस्यहरूको ठाउँमा नियुक्ति सम्बन्धी व्यवस्था बारे संविधानमा संशोधन गरी आवश्यक प्रवाधान राख्ने । | |
| ६. संविधानसभा निर्वाचनमा सबै वर्ग, जाति, क्षेत्र, मधेशी, महिला, दलित, अल्पसंख्यक समुदाय आदिको समानुपातिक | ६. देहाय बमोजिमको आयोग एवं समितिहरू सरकारले सहमतिको आधारमा एक महिना भित्र गठन गर्नेछ–<br>क) बेपत्ता पारिएकाहरूमध्ये छानबिन आयोग | |

| | | |
|---|---|---|
| प्रतिनिधित्व सुनिश्चित गर्न तत्कालै एक वृहद् गोलमेच सम्मेलन आयोजना गरिनुपर्दछ । | ख) सत्य निरूपण तथा मिलमिलाप आयोग<br>ग) राज्यको पुनर्संरचना सम्बन्धी आयोग<br>घ) वैज्ञानिक भूमिसुधार सम्बन्धी अध्ययन तथा सुझाव आयोग<br>ङ) विस्तृत शान्ति सम्झौता तथा त्यसपछि भएका सहमतिहरूको प्रभावकारी कार्यान्वयनको अनुगमनका लागि उच्चस्तरीय अनुगमन समिति<br>च) विस्तृत शान्ति सम्झौता अनुरूप उच्च स्तरीय शान्ति आयोग गठन गरिनेछ । यससँग समन्वय गरी शान्ति मन्त्रालयको काम गर्नेछ । | |
| ७. अन्तरिम सरकारको संचालन सहमतीय सिद्धान्तका आधारमा र साझा न्यूनतम कार्यक्रम अनुसार गर्नु पर्नेमा हालसम्म त्यसको पालना नभै पुरानै एकदलीय वा वहुमतीय सिद्धान्त अनुसार भैरहेकाले त्यसको तत्कालै अन्त्य गरी सहमतीय सिद्धान्त र साझा न्यूनतम कार्यक्रम अनुरूप गर्न ठोस पहल गर्नुपर्दछ । | ७. स्थानीय निकायमा सहमतिका आधारमा संयन्त्र निर्माण गर्ने । यस सम्बन्धी निर्णय शीर्ष नेताहरू रहेको समन्वय समितिले गर्ने । | |
| ८. संविधानसभा निर्वाचनलाई सहज र सरल तुल्याउन तलसम्म आम जनसमुदायको सहभागिता सुनिश्चित गर्न तथा विकासनिर्माणका कार्यहरूलाई तीव्रता दिन सहमतिका आधारमा तुरून्तै स्थानीय निकायहरूको गठन गरिनुपर्दछ । | ८. सशस्त्र द्वन्द्वका क्रममा मारिएका परिवारलाई विस्तृत शान्ति सम्झौता बमोजिम माघ महिनाभित्रमा राहत उपलब्ध गराउने । बेपत्ता पारिएकाहरूको हकमा छानबिन आयोगको प्रतिवेदनको आधारमा राहत दिइनेछ । छानबिन आयोगले काम सुरु गरेको एक महिनाभित्रमा प्रारम्भिक प्रतिवेदन दिने । | |
| ९. सहमतिका आधारमा विभिन्न देशहरूका निम्ति राजदूतहरू, विश्वविद्यालयका पदाधिकारीहरू, मानव अधिकार आयोग र अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त र आयुक्तहरू, उच्चस्तरीय अनुगमन समिति आदिको गठन र नियुक्ति गरिनुपर्दछ । | ९. सशस्त्र द्वन्द्वका क्रममा हालसम्म माओवादीद्वारा कब्जा गरिएका नीजि तथा सार्वजनिक घरजग्गा जमिनहरू एक महिनाभित्रमा सम्बन्धित व्यक्तिहरू तथा निकायहरूलाई फिर्ता गरिसक्ने । यो सहमतिलाई जिल्लामा कार्यान्वयनका लागि प्र.जि.अ. को अध्यक्षतामा एउटा संयन्त्र बनाउने । विस्थापितहरूलाई आफ्नो घरजग्गामा स-सम्मान पुनःस्थापना गराउने । | |
| १०. गौर हत्याकाण्ड लगायत वृहद् शान्ति-सम्झौता पछि भएका सबै हत्याकाण्डका दोषीहरू माथि शिघ्र कडा कार्वाही गरिनुपर्दछ र मृतकका परिवारलाई समुचित राहत प्रदान गरिनुपर्दछ । | १०. बुँदा नं. ८ र ९ को बारेमा अनुगमन गर्न राष्ट्रिय मानव अधिकार आयोगलाई अनुरोध गर्ने । | |
| ११. जनयुद्धको दौरान विभिन्न मुद्दामा फसाएर नेपाल तथा भारतको जेलमा रहेका राजनीतिक वन्दीहरू सबैलाई तुरुन्त एकसाथ रिहा गरिनुपर्दछ र माओवादी नेता तथा कार्यकर्ताहरू माथि लगाइएको सबै मुद्दाहरू एकसाथ खारेज गरिनुपर्छ । | ११. माओवादी सेनाका प्रमाणित लडाकुहरूलाई सहमति अनुसारको दिनुपर्ने बाँकी रकम किस्ताबन्दीमा माघ महिनाभित्र चुक्ता गर्ने तथा आगामी दिनमा मासिक रूपमा दिदै जाने । प्रमाणिकरणबाट अयोग्य ठहरिएकाहरूलाई सहमति अनुसारको दिनुपर्ने बाँकी रकम दिएर अविलम्ब घर फर्कन व्यवस्था गर्ने । | |
| १२. जनयुद्धको क्रममा जीवन वलिदान गर्ने सम्पूर्ण शहीदका परिवारलाई तत्कालीन राहत सहयोग स्वरूप कम्तीमा जनही रु. एक लाखका दरले उपलब्ध गराउनुपर्दछ । साथै जनयुद्ध र जनआन्दोलनको दौरानमा घाइते भएकाहरूको सम्पूर्ण उपचार व्यवस्था सरकारले गर्नुपर्दछ । | १२. माओवादी सेनाका प्रमाणित लडाकुहरूको समायोजनका लागि अन्तरिम संविधानमा उल्लेख भएबमोजिम मन्त्रीपरिषदले बनाएको विशेष समितिद्वारा छलफल गरी कार्य अघि बढाउने । | |

| | | |
|---|---|---|
| १३. जनयुद्धको दौरान वेपत्ता पारिएकाहरूवारे छानवीन गरी सत्य-तथ्य पत्ता लगाउन र दोषीहरूमाथि कार्वाहीको सिफारिस गर्न एक उच्चस्तरीय छानवीन आयोग तुरून्त गठन गरिनुपर्दछ। | १३. अन्तरिम संविधानको धारा १५४ मा व्यवस्था भएको तर गठन नभएको आयोगहरूको गठन एक महिनाभित्र गर्ने। | |
| १४. शिविरमा रहेका जनमुक्ति सेनाको व्यवस्थापनमा गम्भीर हेलचक्रयाइँ र कमीकमजोरी रहेकाले त्यसको तत्काल अन्त्य गरी शिविरको व्यवस्थापन प्रभावकारी बनाउन सरकारी स्तरबाटै विशेष पहल गर्नुपर्दछ। | १४. सशस्त्र द्वन्द्वको दौरान विभिन्न मुद्दा लगाएर नेपाल भित्र जेलमा रहेका रिहाइ हुन बाँकी माओवादी बन्दीहरू सबैलाई पुस महिनाभित्र रिहाइ गर्ने र माओवादी नेता तथा कार्यकर्तामाथि लगाइएका मुद्दाहरूमध्ये खारेज गर्न बाँकि रहेका मुद्दाहरू खारेज गर्ने।<br>त्यस्तै सशस्त्र द्वन्द्वको क्रममा विदेशी जेलमा रहेका नेपाली माओवादी बन्दीहरूको रिहाईको लागि कुटनीतिक तहमा पहल गर्ने।<br>नेपाल सरकार समक्ष विभिन्न राजनीतिक दलहरूद्वारा विगतमा सिफारिस गरिएका राजनीतिक व्यक्तिहरूमाथि राजनीतिक कारणले चलाइएका मुद्दाहरू फिर्ता गर्ने। | |
| १५. जनमुक्ति सेनाका सदस्यहरूलाई मासिक रु. तीन हजारका दरले भत्ता उपलब्ध गराउने अन्तरिम मन्त्रीमण्डलको निर्णय भैसक्दा पनि त्यसको कार्यान्वयन अझैसम्म नभएकाले त्यसलाई तुरून्तै कार्वान्वयन गर्नुपर्दछ। | १५. संविधानसभाको निर्वाचन, संघीय गणतन्त्रात्मक राज्य र अन्तरिम सरकारको सु-सञ्चालनका लागि सहयोग र समन्वय गर्न शीर्ष नेताहरू रहेको एक समन्वय समिति हुनेछ। यसको संयोजक पालै-पालो गरि समितिले आफै तोक्नेछ। समितिको कार्यविधि समितिले आफैले निर्धारण गर्नेछ। | |
| १६. वृहद् शान्ति-सम्झौता र अन्तरिम संविधानमा शिक्षा, स्वास्थ्य, रोजगारी र खाद्य सम्प्रभुतालाई सवै जनताको मौलिक अधिकारको रुपमा स्वीकारिसकिएको स्थितिमा त्यसको व्यवहारिक कार्यान्वयनको निम्ति तत्कालै कानूनी र कार्यकारी कदम अघि वढाउनु पर्दछ। | १६. देशमा शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था, जनताका दैनिक आवश्यकताका वस्तुहरूको सुलभ र सुपथ आपूर्ति, सुशासन, भ्रष्टाचार नियन्त्रण, स्वतन्त्र र निष्पक्ष ढङ्गले संविधानसभाको निर्वाचन सम्पन्न गर्ने कार्यलाई अन्तरिम सरकारले उच्च प्राथमिकता दिनेछ। | |
| १७. "सामन्ती भू-स्वामित्वको अन्त्य गर्दै वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्ने" वृहद् शान्ति-सम्झौताको प्रावधानलाई कार्यान्वयन गर्न तत्कालै एक उच्चस्तरीय भूमिसुधार आयोग गठन गरिनुपर्छ। | १७. आगामी संविधानसभाको निर्वाचन सम्पन्न नहुन्जेलसम्म निर्वाचनलाई अवरुद्ध गर्ने वा नकारात्मक प्रभाव पार्ने कुनै पनि प्रकारका कामहरू राजनीतिक दलहरू तथा त्यससँग आबद्ध संघ-संस्थाहरूबाट गरिने छैन। कुनै पनि राजनीतिक दलका कार्यकर्ताहरू तथा त्यससँग आबद्ध संघ-संस्थाहरूले बल प्रयोग गर्ने, हतियारको प्रयोग र प्रदर्शन गर्ने, ठाउँ ठाउँमा क्याम्प वा ढाट राखेर कर उठाउने, पर्यटक, शिक्षक, कर्मचारी, व्यवसायी, व्यापारी तथा अन्य कुनै पनि व्यक्तिहरूसँग धमकी वा दबाबमा चन्दा, कर लगायतका रकमहरू संकलन गर्ने, कुटपिट, अपहरण गर्ने, सम्पत्ति कब्जा गर्ने लगायतका कामहरू तत्काल बन्द गर्नेछ। | |
| १८. "सरकारी लाभको पदमा रहेर भ्रष्टाचार गरी अकुत सम्पत्ति आर्जन गर्नेहरू उपर कडा कार्वाही गरी दण्डित गर्ने" भन्ने वृहद् शान्ति-समझौताको प्रावधानलाई व्यवहारमा उतार्न विद्यमान संवैधानिक तथा सरकारी निकायहरू असक्षम र अपूर्ण देखिएकोले भ्रष्टाचारीहरूलाई कार्वाही गर्न विशेष निकाय गठन गरी कार्वाही अघि वढाउनु पर्दछ। | १८. कुनै पनि राजनीतिक दल र दलका कार्यकर्ताहरूलाई शान्तिपूर्ण तवरले आफ्नो संगठनको राजनीतिक गतिविधि गर्न र प्रचार-प्रसार गर्न कसैबाट पनि डर, धम्की लगायत कुनै किसिमले बाधा, व्यवधान गर्ने तथा रोक्न काम गर्ने छैन। | |

| | | |
|---|---|---|
| | | |
| १९. जातीय/राष्ट्रिय र क्षेत्रीय आत्मनिर्णयको अधिकार र स्वायत्त शासन सहितको संघात्मक ढाँचामा राज्यको अग्रगामी पुनर्संरचना गर्ने कार्यादिशा सहित समावेशी प्रकृतिको उच्चस्तरीय राज्य पुनःसंरचना आयोग गठन गरिनुपर्छ । | १९. वृहत शान्ति सम्झौतामा उल्लेख भएका सबै विषयहरूलाई सम्बन्धित सबै पक्षहरूबाट पूर्ण रूपमा पालन र कार्यान्वयन गर्न प्रतिबद्धता व्यक्त गरिन्छ । | |
| २०. देशभित्र विभिन्न विदेशी प्रतिक्रियावादी शक्तिहरूको अवाञ्छित चलखेल, अन्तरध्वंसात्मक गतिविधि र आन्तरिक मामिलामा हस्तक्षेपलाई कडाइ पूर्वक रोकिनुपर्छ; संविधानसभा निर्वाचन नभएसम्म विदेशीसंग जलश्रोतको बाँडफाँड लगायतका दीर्घकालीन राष्ट्रिय महत्वका सन्धी-सम्झौता वा समझदारी गरिनुहुन्न र राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको पूर्ण रक्षा गरिनुपर्छ । | २०. पुनर्निर्माण, पुनर्व्यवस्थापन, पुनर्स्थापना, पुनर्वास र द्वन्द्व पीडितको राहत समेतको आर्थिक दायित्व तत्काल कार्यान्वयनको लाग अन्तर्राष्ट्रिय सहयोग जुटाउन नेपाल सरकारको पहल गर्ने । | |
| २१. आन्दोलनरत किसान, मजदूर, विद्यार्थी, कर्मचारी, दलित, महिला, जाति-जनजाति-मधेसी, उद्योगी-व्यापारी, संचारकर्मी लगायत विभिन्न जनवर्ग र आम जनसमुदायका जायज मागहरू पूरा गरी सबैलाई संविधानसभाको निर्वाचनमा सहभागी वन्ने वातावरण निर्माण गरिनुपर्छ । | २१. संविधानसभाको निर्वाचनमा सबै जनतालाई भाग लिन संयुक्त रूपमा अपिल गर्नका लागि देशका विभिन्न भागमा सात वटै दलहरूले सातवटा आमसभा आयोजना गर्ने । | |
| २२. ने.क.पा.(माओवादी) र नेपाल सरकार वीच सम्पन्न वृहद् शान्ति-सम्झौतालाई अविलम्व पूर्ण रुपले कार्यान्वयन गरिनुपर्छ । | २२. यस सहमति साथ नेकपा (माओवादी) तत्काल सरकारमा सामेल हुने । | |
| **संघर्षको कार्यक्रम**<br>उपरोक्त आवश्यक पूर्वाधार निर्माणको कार्य तुरून्तै पूरा नगरिए सरकार, सदन र सडकका तीनवटै मोर्चाबाट संघर्ष अघि वढाएर देशव्यापी नयाँ जनआन्दोलनको उभार सिर्जना गर्न हामीले निम्न वमोजिम प्रारम्भिक संघर्षको कार्यक्रम घोषणा गरेका छौं :<br>**भाद्र महिनाभर- प्रचार-प्रसार, आन्तरिक तयारी र जनपरिचालन**<br>**असोज १ गते देखि-चरणवद्ध रुपमा देशव्यापी जनसभा, जनकार्वाही र राजनैतिक हड्तालका कार्यक्रमहरू**<br>*(यस अतिरिक्त विभिन्न जनवर्गीय संगठनहरू र जातीय तथा क्षेत्रीय मोर्चाहरूको तर्फबाट छुट्टाछुट्टै संघर्षका कार्यक्रमहरू दिन सकिनेछ)*<br>यी कार्यक्रमहरूमा सक्रिय सहभागी वनेर देशमा संविधानसभाको निर्वाचन सुनिश्चित गर्न र देशलाई शान्ति, लोकतान्त्रिक गणतन्त्र र अग्रगमनको मार्गमा अग्रसर गराउन हामी सम्पूर्ण न्यायप्रेमी, देशभक्त, गणतन्त्रवादी र वामपन्थी राजनीतिक शक्तिहरू, विभिन्न जनवर्गीय र पेशागत संगठनहरू, जातीय | २३. संविधानसभाको निर्वाचन सम्पन्न गराउनु हामी सबैको पहिलो राष्ट्रिय एजेन्डा हो । नेपाल सरकारद्वारा मिति तोक्ने गरी २०६४ साल चैत्रभित्रमा निर्वाचन सम्पन्न गराउने निर्णय सात दलको बैठकबाट हामीले गरिसकेका छौं । स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि सबै राजनीतिक दलहरू, समस्त नागरिक समाज एवं सबै पेशा-व्यवसायीहरू लगायत सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीलाई हार्दिक अपिल गर्दछौं । | |

| | | |
|---|---|---|
| तथा क्षेत्रीय मोर्चाहरू, नागरिक आन्दोलनकारीहरू, संचारकर्मीहरू र आम जनसमुदायमा हार्दिक अपील गर्दछौं ।<br>धन्यवाद ! | | |
| (प्रचण्ड)<br>अध्यक्ष,<br>ने.क.पा.(माओवादी)<br>२०६४ भदौ ३<br>(August 20, 2007) | १) नेपाली कांग्रेसका कार्यवाहक सभापति श्री सुशील कोइराला<br><br>२) नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव श्री माधवकुमार नेपाल<br><br>३) नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का अध्यक्ष श्री प्रचण्ड<br><br>४) जनमोर्चा नेपालका अध्यक्ष श्री अमिक शेरचन<br><br>५) नेपाल मजदूर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छे<br><br>६) नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) तर्फबाट महासचिव श्री श्यामसुन्दर गुप्ता<br><br>७) संयुक्त वाममोर्चाका अध्यक्ष श्री सि.पी. मैनाली<br><br>पौष ८, २०६४<br>काठमाडौं ।<br>(December 23, 2007) | |
| | | |

Copyright © 2007-8 **USNepalOnline.Com.** All rights are reserved. URLs: USNepalOnline.Com, USANepalOnline.Com, AjakoAwaj.Com
a media initiative of **Global Federation of Indigenous People of Nepal, USA (GFIPN)**

**GFIPN-USA USNepalOnline.Com Publication Department**
**Published by** President: Karma G. Sherpa; 1st Vice-President: Arjun Gurung (NJ), 2nd Vice-President: Ram Tamang; 3rd Vice-President: Pashang Dorchi Sherpa
Coordinator & Public Relation: Keshabram Rai; Administrative Directors: Pemba G. Sherpa, Naradmani Rai; Managing Director: Binod Pomo Limbu
Marketing & Advertising Directors: Tsepak Dorjee Gurung & Dawa Yolmo Lama

**Editorial Board (New York, NY, USA)**
Editor-in-Chief प्रधान संपादक: Pradeep Thapa Magar (NJ)
Editor संपादक: Bel Bhujel; Editor संपादक: (नेपाली साहित्य Nepali Literature): Nagendra Ingnam (NY)
Senior Copy Editor (English): Margaret Carne-Thapa, MSW (USA)
**संपादन सहकर्मीहरु काठमाडौंमा Contributing Editors (Kathmandu, Nepal)**
Literature: Nabraj Rai 'Bartman'; Federal Politics: Khagendra Makhim Limbu; Ethnicity: Kamal Gurung; Entertainment: Mejan Pun Magar
Editor (Europe): Kejin Rai (Lisbon)
Art Contributors: Bhuwan Thapa 'Bahuvi' & Rabin Koirala
Senior Photographer: Kumar Ale Magar (Kathmandu); Photographer: Ang Kami Sherpa (NY)
Office staffs: Ramesh Rai (USA), Samita Byanjankar (Nepal)
Special Contributors: Roshan Thakuri (NJ), Smita Magar & Sangmo Yonjan Tamang in Kathmandu
Canada: Rashmi Thapa Magar (Ontario)
State Representatives: Tika Pun Magar (VA)
Questions & queries? Write us at: feedback@usnepalonline.com. Developed by eEyeElements®

यो वेब साइट २००७ दिसेम्बर ३ तारिखबाट प्रकाशन सुरु भएको हो। कतिले हाम्रो साइट हेरे- यहाँ क्लिक गर्नुहोस्
हाम्रो Hit Counter कन्ट्रोल प्यानेल directory मा आवध्द छ। यो फ्री Hit Counter को जस्तो आफैले थप-घट गर्न मिल्ने होइन।
लेखकहरुले आफ्नो लेख-रचना कतिले के, कुन चाहीं पाना, लिंक वा लेख हेर्दैछन् भन्ने Hits/visits हेर्न यहाँ क्लिक गर्नुहोस्
Click this link to view visitor statistics for USNepalOnline.Com

तपाईंको भनाइ लेखी छाड्न र अरुको भनाइ पढ्न यहाँ क्लिक गर्नुहोस्

Please add yours and view our readers' comments at: Guest Book page»

This website is designed and developed in Microsoft Expression Web 2007. It can be best viewed in your computer screen resolution of 1280x800 pixels at 32 bit colors. Please adjust your computer monitor settings. We cannot guarantee the quality of appearance other than the above mentioned settings. - eEyeElements

## Notice to the viewers, writers & contributors:

USNepalOnline.Com (UNOC) News Portal and its newsletter Ajako Awaj आजकोआवाज are edited and published in the United States of America. All rights are reserved. Reproduction in whole or part, electronically or in print, without prior permission of UNOC is strictly prohibited. If you've written an article or a news story related to Nepal, you are welcome to send it to us. Please enclose your photo and a brief bio with the written material. All contributions are welcome but the UNOC editors retain the right to make all final decisions regarding publication at this site and in the newsletter. Please note that UNOC will not be held responsible for the return of unsolicited materials including photographs and writings. Use information found on UNOC website at your own risk. Use of that information constitutes acceptance of the UNOC Disclaimer, Copyrights, Intellectual Property Infringement, Privacy and Terms of Service Policies. UNOC reserves the right to make any change to its content and information at any time for any reason. This site may point to other Internet sites that may be of interest to you, however, UNOC does not endorse or take responsibility for the content on such copyright notice. Data and pictures displayed at this site are contributed by several authors. UNOC does not take responsibility and/or credit for any material or graphic displayed therein. If you have any complaint/suggestion regarding any text/graphic to be added or removed, please write to us at our mailing address located at 'Contact Us' section of the site. However, the USNepalOnline.Com retains the right to make all final decisions regarding publication at this site.